बैठक नं. -५०

बैठक संख्या :

आज मिति २०७६ पौष ४ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | किशोर कुमार वाइबा | सुचना प्रविधि अधिकृत | |
| २ | महेन्द्र यादव | सि.अ.हे.व., अधिकृत छैठौं | |

३. हेम विक्रम चौहान लेखापाल

निर्णयहरु :

**निर्णय नं. १** - मिति २०७६।०९।२ गते कार्यालय समयमा उपभोक्ता समितिको काम कारवाहीको विषयलाई लिएर प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष नेपालीलाई आवेगमा आएर गाउँपालिका अध्यक्षज्यूले दिनुभएको अभिभव्यक्ति अध्यक्षज्यूबाट फिर्ता लिई आगामी दिनमा यस्तो व्यवहार नदोहोरिने तथा सहज कार्यवातवरण तयार गर्ने प्रतिवद्धता व्यक्त भई मिति २०७६।०९।०६ गते आइतवार श्याम कुमार कर्मचार्यलाई गाउँपालिकामा झिकाई निजको अभिव्यक्ति र प्रदर्शन गरेको व्यवहार प्रति छलफल गर्ने गरि सम्पूर्ण कर्मचारीलाई सहज रुपमा कामकाजमा फर्कन अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त घटना संग सम्वन्धित अन्य विषयमा छलफलका लागि नेकपा घ्याङलेख अध्यक्ष श्री शंकरमान घलान समेतलाई बोलाई छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** - हालै नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट पारित सिन्धुली जिल्लाका ९ स्थानिय तहको शिक्षक दरबन्दी पुनःवितरित विवरण २०७६ अनुसार यस घ्याङलेख गाउँपालिका अन्तर्गतको उ.मा.वि.हरुमा १७ वटा दरबन्दी रहेको भनि प्रकाशित भएकोमा सो नभई ६ वटा मात्रै शिक्षक दरबन्दी कायम रहेको निर्णय गरियो ।

**निर्णय नं. ३** - यस गाउँपालिकालाई आ.व. २०७५।०७६ मा प्रदेश विशेष अनुदान अन्तर्गत प्राप्त कार्यक्रमहरु आ.व. २०७६।७७ का लागि भाद्र मसान्तसम्म सम्पन्न गरि भूक्तानी गर्न प्रदेश नं. ३ को सरकारबाट सहमती प्राप्त भएको सन्दर्भमा अविरल वर्षातको कारण समयमा काम नसकिएको हुँदा गाउँ कार्यपालिकाको निर्णयले २०७६ माघ मसान्तसम्म म्याद थप गरिएको र उक्त अनुदान अन्तर्गतका योजनाहरुको कार्यसम्पन्न भई भूक्तानीका लागि गाउँ कार्यपालिकामा विल भर्पाइ समेत पेश भएको सन्दर्भमा आगामी माघ मसान्त भित्र भूक्तानी दिनका लागि सहमति माग गर्ने निर्णय गरियो ।

जगत बहादुर मोलन
अध्यक्ष

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत